बिस्मिल्लाहिर्रहमानिर्रहीम

इस्लामले मानवतालाई केही सार्वभौम मौलिक अधिकार दिएको छ । जुन कि समस्त रुपमा हरएक परिसिथतिमा जान्न बुझ्न् र अपनाउन्को लागि हो । यिनी अधिकारहरुलाई पाउन्को लागि इस्लामले मात्र कानूनी अधिकार दिएको होइन,बरु एउटा अति प्रभावकारी नैतिक व्यवस्था पनि दिएको छ । व्यक्ति वा समाजको हितमा जुन थोकहरु हुन् त्यही नै इस्लाममा नैतिक भलाई अथवा नेकी (पुण्य) कहलाउँदछ र हितकर नभए हानिकारक हो ,भने त्यही नै कुकर्म र पाप कहलाउँछ । इसलामले अल्लाह सित प्रेम ,साथै मानिसहरु सित उदारता दर्शाउन् र उपकार गर्नका लागि यति बल् दिएको छ कि यो अस्पस्ट रुपमा औपचारिकता बाट दुरगम को वस्तु देखिन्छ । कुरआनमा उल्लेख छ । नेकी (पुण्य)मात्र यही होइन कि तिमीहरुले आफ्ना अनुहारलाई पूर्व अथवा पश्चिम तिर गरे , बरु नेकी र पुण्य त यो हो कि जसले अल्लाह (ईश्वर) माथि र महाप्रलयको दिन माथि , र फरिश्ताहरु(ईश्दूतहरु) प्रति ,ईश्वरीय ग्रन्थ माथि र सम्पूर्ण सन्देशवाहक माथि विश्वास राख्दछ र आफ्ना धन्माल त्यसको (स्वभाविक) मम्ता भए पनि नातेदारहरु,गरीबगुरुबाहरु,यात्रीहरु र मगन्तेहरुलाई दिन्छ र दासलाई मुक्ति गराउनमा खर्च गर्दछ र नमाज (सला) कायम गर्दछ र शरीरिक कष्टहरु त्था निर्धन् हुने अवस्थामा र अल्लाहको बाटोमा युद्धको बेला धैर्यपूर्वक काम लिन्छ । यी सच्चा मानिसहरु हुन् र यी मानिसहरु अल्लाह सित डराउने वाला हुन् । (२ १७७)

यी श्लोकहरुमा हामीलाई पुण्य गर्ने र तक्वा( ईश्भय सयंम)वालाहरुको राम्रो पहिचान बताइएको छ । अल्लाहका ती नियमहरु र आदेशको पालन्मा आफूलाई लगाई दिनु पर्दछ साथै त्यसका नजर अल्लाह सित नाता जोडने र त्यसका प्राणी तथा सृष्टिहरु प्रति प्रेम दर्शाउनमा लागि राख्नु पर्दछ ।

यस बाट हामीलाई चार वटा कुरा प्राप्त हुन्छ

(क) हाम्रो आस्था र विश्वास साँचो र निष्ठा पूर्ण होस ।

(ख) हामी आफू जस्ता मानिसहरु माथि दया गर्नका लागि तयार रहौं ।

(ग) समाजिक संस्थाहरुलाई सहयोग गर्दै हामी राम्रो नागरिक बनौं ।

(घ) हाम्रो निजी वा व्यक्तिगत आत्मा माथि जस्तो सुकै परिस्थिती आए पनि त्यसमा सुदृढ र अटल् बनी रहोस ।

यो हो त्यसतो कसौटी (कसी) जस माथि कसैको आचार संहितितालाई जाँच्न सकिन्छ र यो राम्रो हो,वा नराम्रो हो भन्ने कुरा हेर्न सकिन्छ । यो कसौटीले हामीलाई यस्तो आधार जुटाई दिन्छ जस्को चारै तिर पूर्ण नैतिक आचरण घूमि रहन्छ । कुनै नैतिकता सिक्नु भन्दा पहिला इस्लाम मानिसको मन्मा यो कुरा बसाई दिन्छ कि त्यसको सम्पूर्ण कर्मलाई अल्लाहले देखि रहेको छ । त्यो काम जति खेर जुन सुकै ठाउँमा गरेको होस । त्यो सम्पूर्ण संसारबाट आफूलाई लुकाउन् सक्छ,तर अल्लाहबाट केही पनि लुकाउन् सक्दैन ।



त्यो कसैको पनि आँखामा धुलो हाल्न सक्दछ,त्यो कसैको अंकुशमा फसेर पनि छुट्कारा पाउन् सक्दछ तर अल्लाहको अंकुशमा आए पछि छुट्कारा पाउन् सक्दैन ।

अल्लाहको प्रसन्नताको प्राप्तिलाई मानवीय जीवनको उद्देश्य बताएर ,यस प्रकार इस्लामले सम्भव नैतिकताको उच्चतम् कसौटी कायम गरि दिएको छ । मानवताको नैतिक विकाशको लागि उसले गनन् न सकिने तरीकाहरु ब्ताएको छ । अल्लाहले पठाएको वह य (ईशवाणी) ज्ञानको प्रारम्भिक साधन् बताएर यसले नैतिक व्यवस्थालाई स्थायित्व प्रदान गरेको छ । जस बाट उँचाई माथि सजिलो संग पुग्न सकिन्छ । यसले अल्लाह संग आफ्नो सम्बन्ध जोडिने र त्यसको नाराजगीको आधार माथि जुन चरित्र विकसित गरेको छ ,त्यो नैतिक नियमहरुलाई बिना कुनै दबावको पालन् गराउँदछ । यस बाट हर एक व्यक्तिमा त्यसतो उर्जा भरी जान्छ कि जसबाट त्यसमा नैतिकताको प्रति निष्ठाको जन्म भएको हुन्छ । जति खेर नैतिकता मन्को झुकाव र आत्माको माग बनन् जान्छ भने यही नै मानवको उत्कर्ष हुन्छ ।

यस प्रकार यो मौलिकता र नवीनताको झुठो अर्थको आडमा न त कोही नयाँ नैतिक मूल्य सामुन्ने ल्याउछ ,न त यो चिर परिचित नैतिक मूल्यको महत्वलाई कम् गर्दछ न त यसले कुनै मुख्य मान्यतालाई बढाउछ र न त अर्को मूल्य मान्यतालाई अन्देख गर्दछ । यो हर एक चिर परिचित नैतिक मूल्य मान्यतालाई महत्व दिन्छ । त्यसमा सन्तुलन् र समानुपात कायम् गर्दछ ,त्यसलाई त्यसको उचित सथान र उचित पद दिन्छ र जीवनका अनेकौं पक्षमा त्यसको व्यवहारलाई निश्चित गर्दछ । यो मानवको व्यक्तिगत र सामूहिक् जीवन्को सीमालाई चाहे त्यो उसको घरेलू मामिला होस अथवा समाजिक त्यसको राजनीतिक् गतिविधिहरु अथवा आर्थिक समाजिक शैक्षिक क्षेत्रहरुमा त्यसको सरगर्मीहरु (प्रभाव) फैलाउन्छ । यसमा घर बाट लिएर बाहिर सम्मको खाने टेबल् देखि लिएर लडाईको मैदान र शान्ति सम्झौता सम्मको मानौ जन्मदेखि लिएर मृत्यु सम्मको सम्पूर्ण जीवन् आईहाल्छ । संक्षिप्तमा के हो भने जीवनको कुनै पनि अंग त्यसतो छैन जस्लाई इसलामको सर्वब्यापि र प्रभावित नैतिक मूल्य मान्यता बाट अलग्ग गर्न सकियोस । यसको नजिकमा नैतिकताको धेरै महत्व छ यस कारण त्यो मानवको कर्म ,एच्छाहरु सम्मलाई यसबाट नियन्त्रित गर्न चाहन्छ ।

इस्लामले मानवलाई जीवन् निर्वाह गर्ने एउटा तरीका दिन्छ जसको आधार नै नेकीहरु (पुण्यहरु) हुन् र जुन बुराईहरु (कुकर्महरु) बाट मुक्त होस । यसले मानवलाई नेक बन्नलाई मात्र सिकाउदैन बरु नेकीहरुलाई कायम गर्न र उसको प्रचार प्रसार गर्ने माथि पनि उभारदछ र कुकर्मलाई समाप्त गर्नको लागि सहयोग गर्दछ । यसले मानिसहरुमा सुकर्म प्रति यति चेतना गरिदिन्छ कि त्यो कुकर्महरुबाट नथिचियोस । जुन मानिसहरुले यस जिम्मेदारीहरुलाई निभाउन्को लागि भेला र एक जुट हुन्छन् तिनी नै एउटा गिरोह वा समुदाय



बन्दछन् र त्यसैको नाम मुस्लिम हो । यस गिरोहको गठन्को यस बाहेक अरु कुनै उद्देश्य हुँदैन कि यो संगठित भएर भलाई (सदकर्म) लाई कायम् गरोस र प्रसारित गरोस तथा कुकर्मलाई किचिएर नष्ट गरिदिओस ।

तल मैले इस्लामका केही नैतिक शिक्षहरुलाई अंकित गर्दैछु जुन इस्लामी जीवन् निर्वाह गर्नको लागि आवश्यक छ । यसको सम्बन्ध व्यक्तिगत् जीवनबाट पनि छ र सामाजिक जीवन्बाट पनि ।

अल्लाहको डर (भय) तथा संयम

कुरआनले यसलाई एउटा मुसलमानको सब भन्दा ठूलो गुणको संज्ञा दिन्छ । सांचो त के छ भने अल्लाहको नजिक तिमी मध्ये सबै भन्दा बढी इजजतवाला त्यो छ जसले सब भन्दा बढी अल्लाह सित डराउने र सयंमी छ । (४९:१३)

विनम्रता,मृदुता,कामनाहरु र भावनाहरुलाई नियन्त्रित गर्नु , सत्यता मेलमिलाप,सहन्शीलता,दृढता र बचनहरुलाई पूरा गर्नु आदि यस्ता नैतिक मूल्य हुन् जुनको कुरआनमा बारम्बार चर्चा गरिएको छ ।

हेर्नुस यस्तै दृढता देखाउनेहरुलाई अल्लाह मन् पराउँछ । (३:१४६)

आफ्नो पालन्कर्ता (अल्लाह) को क्षमादान र त्यो जन्न्त (स्वर्ग) तिर लम्केर दगुर । जस्को क्षेत्रफल् पृथ्वी र आकाश जस्तो छ र त्यो अल्लाहका भय राख्नेहरु सयंमीहरुका लागि तयार गरिएको छ जसले हरएक परिस्थितिमा आफ्नो धन्माल खर्च गर्दछन् ,चाहे दुखित होउन् अथवा खुशहाल जुनले रिसलाई खान सक्दछन् ( अर्थात आफ्नो रिस माथि नियन्त्रण पाउँदछन् )। यस्ता नेक व्यक्तिहरु (प्ण्य गर्ने मानिसहरु) अल्लाहलाई साह्रै मन् पराउदछन् । (३:१३३,१३४) ओ मेरो छोरा नमाज (सला) कायम गर,नेकी (सदकर्म)को हुकुम देऊ,कुकर्म बाट मनाही गर र जस्तो सुकै मुसीबत् परेमा त्यसलाई सहन् गर , यी ती कुराहरु हुन् जुनको धेरै ताकिता गरिएको छ , अरु मनिसहरु संग मुख फर्काएर कुरा नगर, न त पृथ्वीमा अकडेर (घमन्डी भएर) हिँड । अल्लाह कुनै दंगी र घमन्डीलाई मन् पराउदैन । आफ्नो चाललाई मध्यमार्गी बनाऊ र आफ्नो आवाज अलि सुस्त र मसिनो राख । सबै स्वरहरुमा (आवाजहरुमा) नराम्रो आवाज गधाको आवाज हुन्छ । (३१:१७,१८)



एउटा हदीस छ जसमा सदाचरणको सार (निचोड) पेश गरिएको छ । हाम्रा प्यारा ईशदूत मुहम्मद सल्लल्लाहु अलैहि सिल्लमले एक पटक यस प्रकार भन्नु भए । के म तिमीहरुलाई त्यो काम बताई दिउँ जसबाट अल्लाह आफ्ना भक्तहरुलाई उच्च स्थान दिन्छ । ? मानिसहरुले भने हो ऐ अल्लाहको रसूल बताउनुहोस ? अनि हजुरले भन्नु भए ।

जसले तिमी संग मूर्खता देखाउन्छ तिमी त्यसको साथमा सहन्शीलताको व्यवहार गर ।

जसले तिमी माथि अत्याचार गरोस त्यसलाई क्षमा गरी देऊ । जसले तिमी लाई केही दिँदैन त्यसलाई देऊ र जुन तिम्रो नातेदारले तिम्रो हक अदा गर्दैन त्यसको हकलाई देऊ । यी सबै कर्महरुबाट मानिसको पद (अल्लाहको नजिक) उच्च हुन्छ । (तर्गीब व तर्हीब )

हजरत अबू हुरैरा (रजि) बाट उल्लेख भएको एउटा अर्को हदीसमा पनि छ कि एक दिन् अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लम(उहाँमाथि अल्लाहको शान्ति र दया कृपा होस) ले भन्नु भए । मेरा यी कुराहरु ( जुनलाई म अहिले बताउने छु) कसले लिने छ र पालन् गर्ने छ अनि पालन् गर्नेवालाहरुलाई बताउने छ ? मैले अनुरोध गरें हे अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लम् म यसको लागि तयार छु बताउनुहोस ? अनि हजुरले मेरो हातलाई समात्नु भए र यी ५वटा कुराहरु ब्ताउनु भए ।

१. अल्लाहको नाफरमानी (अवज्ञा)बाट बाँच्न सक्यो भने सब भन्दा इबादत गुजार (धर्म पालक) बनी हाल्छौ ।

२. जति रोजी तिम्रो लागि अल्लाहले निश्चित गरि सकेको छ त्यस माथि खुश र विश्वास रहनु भयो भने तिमी सब भन्दा बढी सम्पन्न बनी हाल्नु हुनेछौ ।

३. आफ्ना छिमेकीहरु संग राम्रो व्यवहार गर ,ईमानवाला (ईशभक्त) बनी हाल्छौ ।

४. तिमी आफ्नो लागि जे पनि रुचाउँछौ वा मन्पराउँछौ त्यही अरुको लागि पनि रुचाऊ वा मन् पराऊ भने तिमी मुस्लिम हुने छौ ।



५. बढी हाँसनु हँदैन किन भने बढी हाँसने मानिसको ह्दय मृतक भईहाल्छ । (मिश्कात)

सामाजिक जिम्मेदारीहरु

समाजिक जिम्मेदारीहरुको नाताले इस्लामका शिक्षाहरु नम्रता र अरुको प्रति सहानभूतिमा आधारित छ । सामाजिक जिम्मेदारीहरु जस प्रति निभाउनु छ त्यसमा सब भन्दा पहिला त्यही आउदछन् जुन हामी देखि नजीक नातेदारहरु छन् । आमा,बाबु,पति,पत्नि, बच्चाहरु फेरि अरु नतेदार , छिमेकी, मित्र,परचित मानिस,टुहुरा र विधवाहरु , समाजलाई आवश्यक पर्ने मुसलमान भाई ,सम्पूर्ण मानव र जनावरहरु ।

आमा,बाबुको हेरविचार र मान सम्मान माथि इस्लामले विशेष जोर दिएको छ ।

तिम्रो रब(ईश्वर)ले फैसला गरिसकेको छ कि तिमीहरु अल्लाह बाहेक कसैको पूजा नगर तथा आमा,बाबुको साथ राम्रो ब्यवहार गर । यदि साथमा यी मध्ये कुनै एक अथवा दुबै बुढो अवस्थामा पुगे भने उनलाई उफ् सम्म न भन् ,न त उनीहरुलाई हप्काउनु बरु उनीहरु सित इज्जतका साथ कुरा गर तथा नर्मी अथवा दयाको साथमा उनीहरुको सामुन्ने नम्रता पूर्वक रहनु र उनीहरुका लागि यो दुआ ,प्रार्थना गर्नु कि हे मेरो पालनकर्ता यिनीहरुमाथि दया गर जसरी यिनीहरुले दया वा प्रेमका साथ मलाई बच्पन्मा पालनु भएका थिए । □ (१७:२३,२४)

नातेदारहरुलाई उनको हक (अंश) देऊ र गरीब तथा यात्रीलाई त्यसको हक देऊ र धन्माल ब्यर्थकाममा न खर्च गर । □ (१७:२६)

प्यारो नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भए ।

त्यो मोमिन् (सच्चा मुस्लिम) होइन ,जसले पेट भरेर खान्छ, जबकि त्यसको छिमेकि भोकै हुन्छ र त्यो मोमिन् होइन जसका छिमेकी त्यसले दिएको कष्टहरुबाट सुरक्षित न होस । साँचो कुरा के हो भने कुरआन र सुन्नत ( रसूलको जीवन पद्धति)को अनुसार एउटा मुसलमानले आफ्नो आमा,बुबा नातेदार र छिमेकीको प्रति जिम्मेदारी निभाउनु पर्दछ । बरु सम्पूर्ण मानव जाति ,जीव जन्तु,

उपयोगी रुखहरु र बिरुवा आदिको प्रति पनि आफ्नो जिम्मेदारी पूरा गर्नु छ । उदाहरणको रुपमा मन्बहलाउन्का लागि चरा चुरु□ी र जनावरको शिकारगर्ने अनुमति छैन । यसै प्रकार ती रुखहरु र बिरुवाहरु काटनु जसले फल् दिन्छ मनाही छ । जब सम्म कि यसको साह्रै आवश्यक्ता परेको हुँदैन ।

यसै प्रकार मूल नैतिक गुणहरुको आधार माथि इस्लाम नैतिक्ताको सर्वश्रेष्ठ व्यवस्था स्थापित गर्दछ । इस्लामले आत्माको स्वार्थपरायण्ता,अहारिता,क्रूता,अनियमितता र अनुशासन्हीनता बाट शुद्ध गर्दछ । यो मानवलाई अल्लाहबाट डराउने वाला र आफ्नो आदर्शहरुलाई समर्पित हुनेवाला बनाई दिन्छ । त्यसलाई दयावान र सत्यवादी बनाई दिन्छ । नैतिक दायित्वहरुलाई बोध गराउछ । यसै प्रकार नैतिक गुणहरुलाई जन्म दिएर इस्लामको चरित्र निर्माणमा अपूर्व योगदान हुन्छ ।

पसमाप्तप

सकंलन्कर्ता
अन्तर्राष्टिسय मुस्लिम युवा संघ रियाद सऊदी अरब

नेपाली अनुादिक
अबू फैसल् आबिद बिन सनाउल्लाह मदनाी
इस्लामिक सेन्टर उनेजा अल्कसीम सऊदी अरब

प्रकाशक
उनेजा इस्लामिक सेन्टर अल्कसीम पोसट बाक्स न०□८०८ फोन न०□०६□३६४४५०६ सऊदी अरब

इस्लामको नैतिक व्यवस्था

# حكمة النظام
# الاسلامي باللغة النيبالية

**प्रकाशक**
उनैजा इस्लामिक सेन्टर अल्कكीम
पोस्ट बाक्स न०–८०८फोन न०–०६–३६४४५०६ सऊदी अरब